# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/१३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

यातायात व्यवस्था कार्यालय, महाकालीका तत्कालीन निमित्त कार्यालय प्रमुख हेमन्तबहादुर सिंह समेतले लिलाम सवारी साधन दर्ता गर्ने क्रममा व्यापारीसँगको मिलेमतोमा किर्ते कागजातको आधारमा सवारी साधन दर्ता गरेको भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय, महाकालिका निमित्त कार्यालय प्रमुख हेमन्तबहादुर सिंह, मेकानिकल ईन्जिनियर दीपक थापा, नायब सुब्बा नरेन्द्रराज जोशी, नायव सुब्बा महादेव भट्ट, नायव सुब्बा तारादत्त भट्ट, नायब सुब्बा केशवदत्त बडु, खरिदार श्यामकृष्ण ओझा, सवारी कारोबारीहरु गोकुलप्रसाद श्रेष्ठ, दिनेश बम र करन भन्डारीले आपसी मिलेमतोमा भन्सार छली चोरी पैठारी भई आएका सवारी साधनहरुको कीर्ते कागजातको आधारमा सवारी दर्ता गरी गराई बेचबिखन समेत गरी राजश्व छली गरी आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरेको देखिन आएकोले उल्लिखित राष्ट्रसेवक कर्मचारीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ७(क) तथा उल्लिखित सवारी कारोबारीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिन आएको हुँदा उक्त कार्यमा संलग्न तपसिलमा उल्लेखित १०(दस) जना व्यक्तिहरु उपर कसुरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना हुन मागदावी लिई आज विशेष अदालत काठमाडौमा आरोप-पत्र दायर गरिएको छ ।

**तपसिल**

| सिनं | पद | नाम थर | कार्यालय | बिगो | जरिवाना र कैद सजाय मागदावी |
|---|---|---|---|---|---|
| १ | तत्कालीन निमित्त कार्यालय प्रमुख | हेमन्त बहादुर सिंह | यातायात व्यवस्था कार्यालय, महाकाली | रु. ३२,९७,८१४।२८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिम |
| २ | मेकानिकल ईन्जिनियर | दीपक थापा | यातायात व्यवस्था कार्यालय, महाकाली | रु.१७,२३,३३३।७३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (च) बमोजिम |
| ३ | नायब सुब्बा | नरेन्द्रराज जोशी | यातायात व्यवस्था कार्यालय, महाकाली | रु.२७,४२,६८७।४४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (छ) बमोजिम |
| ४ | नायब सुब्बा | महादेव भट्ट | यातायात व्यवस्था कार्यालय, महाकाली | रु.१५,५९,३८९।८१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (च) बमोजिम |
| ५ | नायब सुब्बा | तारादत्त भट्ट | यातायात व्यवस्था कार्यालय, महाकाली | रु.५,९३,६१२।०० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (ङ) बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | नायब सुब्बा | केशवदत्त बड्डु | यातायात व्यवस्था कार्यालय, महाकाली | रु.३,८५,४३१।९५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (घ) बमोजिम |
| ७ | खरिदार | श्यामकृष्ण ओझा | यातायात व्यवस्था कार्यालय, महाकाली | रु.२,४३,३९५।५६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१)को देहाय (घ) बमोजिम |
| ८ | सवारी कारोबारी | गोकुलप्रसाद श्रेष्ठ | - | रु.४७,४०,६९५।०५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम |
| ९ | सवारी कारोबारी | दिनेश बम | - | रु.१,२३,६१५।०० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम |
| १० | सवारी कारोबारी | करन भन्डारी | - | रु.३१,४१४।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम |

(कालीप्रसाद पराजुली)
सह-सचिव